**तटिय र समुद्रि परियोजना**

तटिय र समुद्रि परियोजनाको एक प्रमुख हिस्सा समुद्रि तट कार्यक्रमलाई अपनाउनु हो । यसका अन्य पक्षहरुको पनि पुनर्मूल्याङ्कन गरिंदैछ र छिट्टै नै प्रकाशित गरिनेछ ।

**समुद्रि तटको सफाइ**

Marine Conservation Society (MCS) द्वारा प्रशासित यस राष्ट्रिय अभियान अन्तर्गत् FES ले रोटिङडिन् समुद्र तटलाई अपनाएको छ ।

FES ले विगत छ वर्ष देखि लगातारुपमा तीन-तीन महिनामा गरेको व्यवस्थित सर्वेक्षणबाट उत्कृष्ट तथ्याङ्क निकालेको छ । यस तथ्याङ्कबाट विश्लेषण गर्न र प्रवृत्तिहरुको विकास भएको स्पष्ट देख्न सहयोग पुग्छ । हरेक मौसम वा हरेक साल अथवा समग्रमा तथ्याङ्कको मूल्याङ्कन गरेर प्रदूषणको कारणबारे खोजी गर्न पनि सकिन्छ । साथै यहाँको तस्वीर र प्रवित्तिहरुलाई बेलायतभरिका अन्य समुद्र तटसँग तुलना गर्न सकिन्छ ।

उच्च गुणस्तरको सर्वेक्षण गर्नु वैज्ञानिक दृष्टिकोणले महत्वपूर्ण हुन्छ । हामी तथ्याङ्क एकत्रित गरी विश्लेषण गर्न दिने काम मात्र नगरी प्रदूषणका प्रवृत्तिहरुलाई पनि नियाल्ने गर्छौं । समुद्र तटको प्रदूषणलाई जरैदेखि हटाउन खोज्नु हाम्रो दीर्घकालिन उद्देश्य हो ।

फाउण्डेशन फर इन्डेन्जर्ड स्पेसिजका मुख्य कार्यकारी एण्डि मिडलटनले बिबिसि, आइटिभि र अन्य प्रसारण माध्यममा Marine Conservation Society समुद्रि फोहर व्यवस्थापनको दक्षिण पूर्वी क्षेत्रको प्रतिनिधिको रूपमा अन्तर्वाता दिएका छन् । यी अन्तर्वाताहरुमा उनले रोटिङडिन् तटको तथ्य र आँकडा र यस क्षेत्रका अन्य समुद्र तटबारे चर्चा गरेका छन् ।

**समुद्रि डाइभिङ समूह**

हाल FES ले समुद्रि डाइभिङ समूहको पुनः आयोजना गर्दैछ । त्यसैले हामी सन् २००९ र सन् २०१० मा झैं पानीभित्र जान र सामुद्रिक गतिविधिहरु बढाउन सक्षम हुन्छौं । पहिलो अन्तर्राष्ट्रिय Beach Sweeps कार्यक्रममा यस समूहले समुद्रि तरङ्गको केहि दूरीभित्र छ फूट लामो निकास नली भेटाएको थियो । यस कुराले विभिन्न प्रश्नहरु उब्जाउँछ, जस्तै कसले, किन र कसरी त्यो नली त्यहाँ राख्यो? आशा गरौं, हाम्रो समुद्रि डाइभिङ समूह सक्रिय भएपछि हामी यी मुद्दाहरुबारे बहस गर्न सक्ने स्थितिमा हुनेछौं ।

हामी शार्क, कछुवा, चरा र अन्य वन्यजीवनको साथसाथै छालले तटमा बगाउन सक्ने जेल्लिफिशजस्ता जनावरहरुको पनि खोजी गर्छौं ।

समुद्रि छालले बगाएर सिहर्सका नमूनाहरु तटमा ल्याएका हुनाले रोटिङडिन् तट आसपासको क्षेत्रमा

यसको ठूलो संख्या छ भन्न सकिन्छ । यस क्षेत्रमा हाम्रो सिहर्स योजनाको विकास हुन सक्छ तर पूँजीको अभावले हामी काम गर्न असमर्थ छौं ।

त्यस्तै, दक्षिणी तटमा बेलायतको एउटै प्राकृतिक विश्व सम्पदा क्षेत्र जुरासिक तट छ जसले वन्यजीवनको प्रवर्द्धन गर्ने क्षमता राख्छ । एण्डि मिडलटनझैं जुरासिक तट समूह पनि यूनेस्को स्कूल समूहसित संलग्न छ ।